जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९,

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २९७ २०८३ साल असार २६ गते शुक्रबार (10 July 2026 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : स्थानीय सरकार र ... ३ पृष्ठमा : करार सेवामा वैधानिक ... ३ पृष्ठमा : हर्मुजमा फेरि अमेरिका-इरान ...

# रामराजा प्रसाद स्वास्थ्य विज्ञान प्रतिष्ठानको पूर्वाधार विकासका लागि प्रक्रिया अघि बढाइने : श्रम तथा रोजगार मन्त्री यादव




**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

रामराजा प्रसाद स्वास्थ्य विज्ञान प्रतिष्ठानको पूर्वाधार विकासका लागि ५० करोड विनियोजन गरि टेन्डर प्रक्रिया अघि बढाइने भएको छ ।

श्रम तथा रोजगार मन्त्री रामजी यादवले बिहीबार आफ्नो फेसबुक वालमा स्टाटस लेख्दै उक्त जानकारी दिएका हुन् ।

सप्तरी क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्य समेत रहेका मन्त्री यादवले “राजविराज नगरपालिका १० विरौलस्थित रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको पूर्वाधार विकास कार्य अघि बढ्ने भएको छ । त्यसै क्षेत्रका सांसद तथा युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादव र स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताको पहल तथा प्रधानमन्त्री बालेन्द्र शाहको चासोपछि प्रतिष्ठानका लागि आर्थिक वर्ष २०८३/८४ को बजेटमा समेटिएको थियो ।” भन्दै स्टाटस लेखेका छन् ।

सोही अन्तरगत सरकारले ५० करोड विनियोजन गरी टेन्डर प्रक्रिया अघि बढाउने निर्णय गरेको उल्लेख गर्दै उनले अगाडी लेखेका छन्, “पूर्वाधार निर्माण कार्य तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७८ असार २२ गते अनलाइन मार्फत शिलान्यास गरेपछि सुरु गर्ने घोषणा भए पनि पर्यावरण प्रभाव मूल्याङ्कन रिपोर्ट (इआइए) नहुँदा काम रोकिएको थियो । हाल उक्त इआइए रिपोर्ट स्वीकृत भएपछि बजेट उपलब्ध गराइ टेन्डर प्रक्रिया अगाडि बढाइएको छ ।”

“निर्माण सम्पन्न भए राजविराजमा प्रतिष्ठित स्वास्थ्य अध्ययन तथा सेवा केन्द्रको सञ्चालनले सो क्षेत्रको स्वास्थ्य सेवामा गुणात्मक सुधार आउने अपेक्षा छ । १६ पुस २०७५ मा मन्त्रिपरिषद्ले प्रतिष्ठान स्थापना गर्ने निर्णय गर्दा नगरपालिकाले ३० वर्षका लागि ६२ बिघा जग्गा उपलब्ध गराएको थियो ।” उनले स्मरण गराएका छन् ।

# अदालत भित्रै पाकेटमारी



**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

जिल्ला अदालत सप्तरी परिसरभित्र बिहीबार एक सेवाग्राहीको रकम लुटिएको छ ।

जग्गा खिचौला मुद्दाको तारिख लिन पुगेका सप्तरीको राजगढ गाउँपालिका २ कमलपुरका ६५ वर्षिय वृद्ध श्रीकान्त यादव यसरी लुटिएका हुन् ।

बिहिवार दिउँसो ३ बजेतिर राजविराजस्थित सप्तरी जिल्ला अदालतको मुद्दा फाँटमा तारेखको पुर्जा लिने क्रममा लाम लागेका बेला गोजीमा रहेको ३३ हजार रुपैयाँ पाकेटमारले झिकेर लगेको उनले जानकारी दिए ।

अदालत भित्रै एक सेवाग्राहीको पाकेटमारी भई रकम लुटिएको खबर फैलिएपछि अन्य सेवाग्राहीको समेत भीड लागेको थियो ।

पीडित वृद्ध श्रीकान्तले राजविराजस्थित एक निजी विद्यालयमा अध्ययनरत नातिको स्कूल फि बाँकी बक्यौता तिर्न ल्याएको रकम पाकेटमारी भएपछि समस्यामा परेको सुनाए ।

घटनाको खबर पाएपछि अदालत प्रशासनले अदालत परिसरमा लगाइएको सीसीटीभीको सबै फुटेज नियालेपनि पाकेटमार पत्ता लाग्न सकेन ।

# लालबन्दीमा गोली प्रहार गरी लुटपाटको प्रयास

सर्लाही, २५ असार (रासस) ।

सर्लाहीको लालबन्दीमा बुधबारराती गोली प्रहार गरी लुटपाटको प्रयास भएको छ ।

रातिको समयमा लालबन्दी नगरपालिका-७ र ३ को सीमास्थित सडकमा अज्ञात समूहले गोली प्रहार गरी लुटपाटको प्रयास गरेको हो ।

लालबन्दी बजारमा मोबाइल पसल सञ्चालन गर्दै आउनुभएका लालबन्दी नगरपालिका-७, का हरिप्रसाद सापकोटालाई राति पसल बन्द गरेर घर जाने क्रममा मोटरसाइकल चढेर आएका तीन जनाले लुट्ने प्रयास गरेका प्रहरीले जनाएको छ ।

“लालबन्दी बजारमा मोबाइल पसल सञ्चालन गर्ने व्यक्तिलाई राति पन्छ्याएर एकान्त जस्तो ठाउँमा पुगेपछि बाटो घेरेर लुट्ने प्रयास भएको छ ।” जिल्ला प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले भन्नुभयो, “उहाँले प्रतिकार गरेपछि उनीहरू गोली पड्काउँदै भागेका देखिन्छ । हामी अनुसन्धानमै छौं ।”

मोटरसाइकलमा घर जाँदै गरेका सापकोटाले लुटेरा समूहको प्रतिकार गरेपछि उनीहरू नलकट्वा पेस्तोलबाट गोली प्रहार गरी फरार भएका उहाँले बताउनुभयो ।

घटनास्थलबाट नलकट्वा पेस्तोलबाट पड्काएको गोलीको खोखासमेत प्रहरीले बरामद गरेको छ ।

# जंगली हात्तिको समस्या समाधानका लागि प्रभावकारी र दीर्घकालीन योजना आवश्यक : सासंद कर्ण



**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

प्रतिनिधि सभा सदस्य खगेन्द्र कर्णले सप्तरीमा जंगली हात्तीको बथानले पुर्‍याएको ठूलो क्षतिको विषय प्रतिनिधि सभामा उठाएका छन् ।

शून्य समयमा बोल्दै सांसद कर्णले सोमबार राति करिब १० बजेदेखि जिल्लाको अग्नीसाइर कृष्णसवरन गाउँपालिका ६ महुली मोहनपुरमा प्रवेश गरेका दर्जनौं जंगली हात्तीको हुलले बिहान करिब ३ बजेसम्म लगातार पाँच घण्टा आतंक मच्चाएको जानकारी दिए ।

उनका अनुसार हात्तीको बथानले कृषकहरूले भित्र्याउने तयारीमा रहेको मकैबाली कुल्चिएर नष्ट गर्नुका साथै रोपाईंका लागि तयार पारिएको धानको बीउ (ब्याड) समेत पूर्ण रूपमा सखाप पारेको छ । यसबाट स्थानीय किसानको वर्षभरिको मेहनतमा ठूलो क्षति पुगेको उनले बताए ।

सांसद कर्णले किसानहरू जंगली हात्तीको आतंकबाट निकै पीडित बनेको उल्लेख गर्दै ठूलो संख्यामा गाउँभित्र हात्ती प्रवेश गरेपछि स्थानीयवासी त्रासमा बाँच्न बाध्य भएको बताए । वर्षभरि खाने अन्नबाली थन्क्याउने बेला जंगली जनावरले नष्ट गरिदिएपछि किसानहरू गहिरो चिन्तामा परेको उनको भनाइ थियो ।

उनले यस क्षेत्रका किसानहरूले विगत ३५ वर्षदेखि निरन्तर जंगली जनावरको आतंक सहँदै आएको उल्लेख गर्दै समस्या समाधानका लागि प्रभावकारी र दीर्घकालीन योजना आवश्यक रहेको बताए ।

*बाँकी अन्तिम पृष्ठमा*

**मधुमेह (डायबिटिज) रोगबाट बचौं**

शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ,

मधुमेहले,

- विभिन्न अंगमा क्षति पुऱ्याउन सक्छ,
- मुटु र मिर्गौलामा क्षति पुऱ्याउन सक्छ,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

मधुमेहबाट बच्न,

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- जङ्कफुड तथा तारेका, भुटेका र प्रशोधित खानाहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,

नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### नदी, खोलाको मर्मत सम्भार र उचित सरसफाई प्रति गम्भिर बन्

सप्तरी जिल्ला विगत देखी नै वर्षाको समयमा बाढीको उच्च जोखिममा रहन्छ । हरेक वर्ष जिल्लामा बाढीले ठूलै क्षति पुर्‍याइरहेको हुन्छ । तर, क्षति पुर्‍याउने कारण बारे कसैले केलाउन सकेका छैनन् । वर्षायाममा जिल्लास्थित विभिन्न नदी, खोलामा पानीको उच्च बहाव बढेपछि मानव बस्तीमा पानी पस्नाले डुवानमा पर्ने गर्छ । खोला, नादीमा उच्च पानीको बहाव हुने मुख्य कारण हो मर्मत सम्भार र सरसफाई । सरकारले नदीबाट बालुवा निकाल्न प्रतिबन्द्ध लगाएपछि खोला, नदीमा बालुवा थुप्रिदै जाँदा बहाव क्षेत्र साँघुरो हुँदै गएको छ । नदीमा बालुवा, गिटी भरिएपछि आफ्नो मुल प्रभाव क्षेत्रलाई छोडेर अन्य स्थानबाट पानीको बहावले बाटो बनाउँदा नदी फुट्ने गरेको देखिएको छ ।

हरेक वर्ष खोला नदीको सरसफाईको नाममा बजेट निकासा हुन्छ, तर पुरानै कामलाई कागजी प्रक्रिया अपनाएर रकम हजम हुने गरेको छ । जिल्लाको रुपनी गाउँपालिका हुँदै राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिकासम्म खाँडो नदीको बग्ने गर्दछ र पछि तिलाठीबाट भारततर्फ सो नदीको धार परिवर्तन हुन्छ । यस्तो अवस्थामा खाँडोको अन्तिम गन्तब्य तिलाठी नै हो ।

तसर्थ विभिन्न नदी, खोलाको मर्मत सम्भार र उचित सरसफाई प्रति गम्भिर रुपमा सरोकारवाला निकायको ध्यान पुग्नु आवश्यक छ । यसप्रति सम्बन्धित निकायको चासोका साथै स्थानियस्तरबाट पनि जनदबाब सृजना गर्नु पर्ने आवश्यकता देखिन्छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# स्थानीय सरकार र मिडिया परिचालन

**सिद्धराज राई**

काठमाडौँ, २५ असार (रासस) ।

नेपालमा तीन तहको सरकार सञ्चालनमा रहेको छ । सङ्घीय सरकार, सातवटा प्रदेश सरकार, ७५३ वटा स्थानीय तह सरकार र छ हजार ७४३ वडा रहेका छन् ।

नेपालको संविधान २०७२ को धारा ५६ मा राज्यको संरचना, धारा ५७ मा राज्य शक्तिको बाँडफाँड र धारा ५९मा आर्थिक अधिकारको प्रयोगसम्बन्धी व्यवस्था गरेको छ । त्यसैले स्थानीय सरकार आफैँ नीति र कार्यक्रम बनाउने, आर्थिक बाँडफाँट गरी बजेट बनाउने र आवश्यक कानुन बनाउने र कार्यान्वयन गर्ने हैसियत राख्दछ । त्यस्तै संविधानको धारा २२१ देखि २३० सम्म स्थानीय व्यवस्थापिका गठन, सञ्चालन प्रक्रियाको विषयमा उल्लेख छ । यही कानुन र विधिअनुसार स्थानीय सरकार सञ्चालन भएको पनि नौ वर्ष पूरा भएको छ । स्थानीय सरकारको प्रभावकारिता दिनानुदिन बढिरहेको छ ।

त्यस्तै नेपाली प्रेसले पनि राणा शासन, २००७ देखि २०१७ सालसम्म प्रजातन्त्र, २०१७ देखि २०४६ सालसम्मको पञ्चायती व्यवस्था, २०४६ पछिको बहुदलीय प्रजातन्त्र, १० वर्षको माओबादी सशस्त्र विद्रोह, २०५९ माघ १९ पछि प्रजातन्त्र 'कू' गरेर राजाको शासन र २०६२/६३ सालको ऐतिहासिक जनआन्दोलनपछिको लोकतान्त्रिक शासन व्यवस्था पछिको २० वर्ष भोगेर आएको छ । २०४७ को संविधानले झैं २०६३ सालको अन्तरिम संविधानमा पनि प्रेस स्वतन्त्रताको पूर्णरुपमा प्रत्याभूति गरिएको थियो ।

नेपालको संविधान-२०७२ को प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता उल्लेख गरिएको छ । संविधानको भाग-३ को मौलिक हक र कर्तव्यअन्तर्गत धारा १७ मा स्वतन्त्रताको हक, धारा १९ मा सञ्चारको हक, धारा २७ मा सूचनाको हक र धारा २८ मा गोपनीयताको हक उल्लेख छ । धारा १९ मा सञ्चारसम्बन्धी हकमा कुनै समाचार, लेख, सम्पादकीय, श्रव्य वा श्रव्यदृश्य सामग्रीलाई प्रकाशन वा प्रसारण गर्नुअघि रोक लगाइने छैन । कुनै सामग्री प्रकाशित गरेको कारण रेडियो, टेलिभिजन, अनलाइन, पत्रपत्रिका वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज गर्न पाइँदैन भनेर प्रस्ट उल्लेख छ । यही पृष्ठभूमिमा आधारित भएर मिडिया र स्थानीय सरकारको सम्बन्ध र दायित्व स्थापित भएका छन् ।

हामीले राजनीतिक स्थायित्व प्राप्त गर्‍यौँ भनिरहँदा नेपाली पत्रकारितामा केही जटिल प्रश्न उब्जेका छन् । अर्को चुनाव आउने बेलासम्म नेपालको पत्रकारिताको स्थिति कस्तो होला ? स्थानीय तह र प्रदेशको पत्रकारिता कस्तो होला ? प्रश्न र आशङ्▪ का जन्माएको छ । मिडियाको शाब्दिक अर्थ माध्यम हो । वास्तवमा मिडिया नागरिकका लागि तथ्यपरक सूचना र जानकारी प्राप्त गर्ने माध्यम नै हो । पारम्परिक रुपमा रेडियो, टेलिभिजन र पत्रपत्रिकाहरुलाई सञ्चारको माध्यम मानिन्थ्यो भने भौतिक विज्ञान र सूचना प्रविधिको तीव्र विकास भएको आजको युगमा मिडिया केवल छापा र श्रव्यदृष्य माध्यममै सीमित रहेन । अहिले डिजिटल मिडियाको युग चलिरहेको छ । यतिबेला मिडियाले इन्टरनेटको दुनियाँबाट सामाजिक सञ्जालहरु हुँदै कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स) सम्मको क्षेत्रलाई समेटि सकेको छ । त्यसैले आजको युगमा मिडियाले लोकतन्त्रको प्रवर्द्धन र जवाफदेही शासन व्यवस्था निर्माणका लागि अत्यन्तै महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

संविधान र कानुनले स्थानीय सरकारलाई मिडिया सञ्चालन गर्ने अधिकार दिएको छ । त्यही व्यवस्थालाई टेकेर स्थानीय सरकारले मिडियालाई प्रवर्द्धन र नियमन गर्नसक्ने गरी कानून वा विधि बनाउने गरेका छन् । मिडियाले मूलतः सुशासनका सूचकहरुमा सरकारको अवस्था के छ भनेर उजागर गर्ने काम गर्दछ । पारदर्शी, जवाफदेही, प्रभावकारी र सुशासनयुक्त सेवा प्रवाहका लागि सरकारले गर्नुपर्ने कामबारे सचेतना फैलाउने काम मिडियाले गर्दछ । सरकारी निकायहरु सेवा प्रवाह गर्ने कार्यमा चुकेका छन् भने नागरिक समक्ष सूचना प्रवाह गरेर उनीहरुलाई जवाफदेही बनाउने प्रयत्न मिडिया र पत्रकारले गर्नुपर्दछ ।

यस अर्थमा स्थानीय सरकार र मिडियाको सम्बन्ध परस्पर सहयोगात्मक र खबरदारीयुक्त दुवै हो भन्न सकिन्छ । मिडियाले सबै तहका सरकारबाट प्रत्यक्ष वा परोक्ष कुनै प्रकारको लाभ लिँदै गर्दा उनीहरुले आफ्नो कर्तव्य भुल्नुहुँदैन ।

मिडियाले समाजको बृहत्तर परिवर्तनका साथै आर्थिक एवं सामाजिक रुपान्तरणका लागि पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसमा मुख्यगरी मिडियाले प्रकाशन तथा प्रशारण गर्ने विषयको सत्य, तथ्यमा आधारित हुन पर्दछ । मिडियामा आएका र आउने समाचार, सूचना र विज्ञापन जस्ता सामग्रीले निर्माण गर्ने धारणा वा भाष्यले नागरिकलाई फाइदा पुग्छ कि पुग्दैन भनेर ध्यान दिनु जरुरी हुन्छ । मिडिया 'कन्टेट'को सही विश्लेषण गर्न सकिएन भने केही सिमित व्यक्ति, समूह र संस्थाको निजी हित प्रवर्द्धनका लागि मात्र 'मिडिया ट्रायल' हुनसक्ने सम्भावना रहन्छ । आज स्थानीय सरकार र मिडियाबीचमा सबैभन्दा ठूलो खतरा यही विषय रहेको छ ।

मिडिया परिवर्तनको संवाहक हो । समाज र राज्यको पहरेदार हो । आवाजबिहीनहरुको आवाज हो । लोकतन्त्रको आधार हो । राजनीतिक परिवर्तनले ल्याउने उपलब्धिलाई जनताको घरदैलोसम्म सञ्चार गर्ने काम हो । यसर्थ असल शासनको प्रवर्द्धनका लागि पनि मिडियाले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । मिडियाले स्थानीय तहका योजना, बजेट र सेवा प्रवाहबारे नागरिकलाई जानकारी पुर्‍याएर सुशासन कायम गर्न सघाउँछ । जनता र सरकारबीच सूचना आदानप्रदान गर्ने पुलको रुपमा काम गरी पारदर्शी बनाउने विश्वासको वातावरण निर्माणका लागि मिडियाले सहयोग पुर्‍याउँछ ।

स्थानीय सञ्चार माध्यमहरूले जनताका समस्या, गुनासा र स्थानीय सरकारको कामबारे रिपोर्टिङ गरेर रचनात्मक खबरदारीको भूमिका निर्वाह गर्छ । साँचै भन्दा सरकारी निकायको सेवा र जनताको अपेक्षामा 'वाचडग'को भूमिका निभाउन सक्छ । स्थानीय सरकारले नागरिकको सूचनाको हक सुनिश्चित गर्न र स्थानीय सञ्चार माध्यमको प्रवर्द्धनका लागि नीति र कार्यक्रम बनाएर साझेदारी गर्न सक्छ । जस्तैः सञ्चार नीति, विज्ञापन नीति, कार्यक्रम सञ्चालन र प्रचारप्रसार नीति, क्षमता विकास नीति बनाउन सकिन्छ तर यो कार्य धेरै स्थानीय सरकारले गरेका छैनन् ।

मिडियाले तथ्यपरक रिर्पोटिङ्ग गरेर स्थानीय सरकारलाई उत्तरदायी र जवाफदेही बनाउन भूमिका खेल्नसक्छ । स्थानीय सरकारले प्रेस स्वतन्त्रताको सम्मान गर्दै मिडियाको विकासमा सहयोग गर्नुपर्छ । सरकार प्रशंसा चाहने र मिडिया आलोचनात्मक हुने, यी दुवैको मूल गुण हो । त्यसैले दुबैबीचको सम्बन्धमा रचनात्मक सन्तुलन आवश्यक छ । कर्तब्यपालना गर्दा भएका कार्यमा समन्वय हुन आवश्यक रहेको छ ।

स्थानीय तहलाई संविधानले दिएको अधिकारलाई कार्यान्वयन गर्न सघाउनु मिडियाको कर्तव्य हो । स्थानीय तहको क्षेत्राधिकार र कार्यक्षेत्रको प्राथमिकताबारे नागरिकसमक्ष सचेतना फैलाउने सामग्रीहरु सम्प्रेषण गर्नु मिडियाको दायित्व हो । यो कार्यमा स्थानीय सरकारले मिडियामैत्री योजना बनाउनुपर्छ ।

स्थानीय जनप्रतिनिधिहरुले गरेका चुनावी प्रतिवद्धताहरुको कार्यान्वयन कसरी भइरहेको छ भनेर विवेचनात्मक र यथार्थपरक टिप्पणी गरी सचेत र स्मरण गराउनु मिडियाको कर्तव्य र दायित्व हो स्थानीय तहले सेवा प्रवाहका क्रममा भए गरेका नवीन प्रयोगहरु छन् भने त्यसलाई सम्प्रेषण गरी नागरिक समक्ष जानकारी दिने कार्यमा मिडियाले सहयोग गर्न सक्छ । आवाजविहीनहरुको आवाज बन्नका लागि नागरिकले भोग्नुपरेको सास्ती र झन्झटलाई बाहिर ल्याउने र सेवा प्राप्तिको सरल तरिकाहरुबारे जानकारी दिने कार्य मिडियाले गर्नु पर्दछ । यस्ता विषय बाहिर आउँदा दुबै पक्षले कर्तब्य सम्झिनुपर्छ । स्थानीय तहले मिडियालाई आफूले गरेका कामको मूल्याङ्कन गर्न लगाउने, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र अनुगमनमा सहभागी गराउने, नियमित प्रेस भेटघाट गरेर जानकारी दिनुपर्दछ । यसो गर्दा विश्वासको वातावरण बन्दछ ।

स्थानीय सरकारले स्थानीय मिडियाको विकास, प्रवर्द्धन र क्षमता विकास गर्न स्पष्ट नीति बनाउन आवश्यक छ । मिडिया बलियो भएन भने लोकतान्त्रिक अभ्यास बलियो हुँदैन । स्थानीय मिडिया जोगाउने स्थानीय सरकारको भूमिका देखिनुपर्छ । जस्तैः विज्ञापन, सूचना, तालिम, सञ्चार उपकरण खरिदमा सहयोग गर्न सक्छ । स्थानीय सरकार र मिडियाबीचको सम्बन्ध लोकतन्त्रमा परस्पर परिपूरक हुनु पर्दछ । स्थानीय सरकारले आफ्ना नीति, योजना र सेवा प्रवाहबारे नागरिकलाई सुसूचित गराउन मिडियासँग साझेदारी गर्दछ । स्थानीय सरकार र मिडियाबीचको सम्बन्ध शासक र शासितको जस्तो नभई सुशासन र विकासका लागि सहकार्यमा आधारित हुनुपर्छ ।

# करेन्ट लागेर कर्मचारीको मृत्यु

गाईघाट, २५ असार (रासस) ।

बेलका नगरपालिका-९ रामपुर बजारमा करेन्ट लागेर नेपाल विद्युत् प्राधिकरणका एक जना कर्मचारीको मृत्यु भएको छ ।

यहाँस्थित उक्त कार्यालयका अनुसार प्राधिकरणका ४० वर्षीय कर्मचारी मिलन चामलिङको विद्युत्को पोल मर्मत गर्ने क्रममा करेन्ट लागेर बुधबार मृत्यु भएको हो । उहाँ करार सेवाका कर्मचारी हुनुहुन्थ्यो ।

विद्युत्को पोल मर्मत गर्दा करेन्ट प्रवाह भएनभएको सम्बन्धमा जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी गणेश बमले बताउनुभयो ।

# करार सेवामा वैधानिक प्रक्रियाबाट मात्रै कर्मचारी राख्न सञ्चारमन्त्री डा तिमिल्सिनाको निर्देशन

काठमाडौँ, २५ असार (रासस)।

सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले मन्त्रालय र मातहतका निकायमा कानुनविपरीत करार सेवामा कर्मचारी नराख्न निर्देशन दिनुभएको छ। कर्मचारी व्यवस्थापनलाई विधिसम्मत, पारदर्शी र व्यवस्थित बनाउन आवश्यकताको स्पष्ट पहिचान तथा औचित्य पुष्टि गरी वैधानिक प्रक्रिया पूरा गरेर मात्रै त्यस्ता कर्मचारी राख्न उहाँले निर्देशन दिनुभएको हो।

विगतमा विभिन्न निकायबाट कानुनविपरीत ठूलो सङ्ख्यामा करारमा कर्मचारी नियुक्ति गर्दा अहिले संस्थाको समग्र व्यवस्थापनमै समस्या देखिएको मन्त्री डा तिमिल्सिनाले बताउनुभयो। अब मन्त्रालय मातहतका निकाय तथा संस्थाहरुले अत्यावश्यक र दैनिक कार्य सञ्चालनमा समस्या आउने अवस्था देखिएमा मात्र करार सेवामा कर्मचारी राख्ने तथा त्यस्तो नियुक्ति गर्दा विद्यमान कानुन, सम्बन्धित संस्थाको ऐन तथा कर्मचारी सेवा शर्त विनियमावलीले व्यवस्था गरेको कानुनी दायराभित्र रही प्रतिस्पर्धाका आधारमा मात्रै नियुक्ति गर्न उहाँले निर्देशन दिनुभयो।

सञ्चारमन्त्री डा तिमिल्सिनाले विगतमा सार्वजनिक सञ्चारमाध्यमलाई राजनीतिक भर्ती केन्द्रका रूपमा प्रयोग गरिँदा संस्थागत सुशासन कमजोर भएको, आर्थिक भार बढेको र संस्थालाई ठूलो दायित्व थपिँदै गएको देखिएकाले अब त्यस्तो अभ्यासलाई पूर्ण रूपमा अन्त्य गरिने बताउनुभयो।

सञ्चार मन्त्रालयको निर्देशनपछि गोरखापत्र संस्थान, सार्वजनिक सेवा प्रसारण संस्था (पिएसबी) र राष्ट्रिय समाचार समिति (रासस)ले आफ्नो ऐन तथा कर्मचारी सेवा शर्त विनियमावलीअनुसार कर्मचारी व्यवस्थापनको काम थालिसकेका छन्।

गोरखापत्र संस्थानमा विगतमा कुनै कानुनी आधार, नियुक्तिपत्र वा विधिसम्मत प्रक्रिया नै पूरा नगरी कर्मचारीलाई काममा लगाइएको भेटिएपछि त्यस्ता कर्मचारीको तलब भुक्तानीमै समस्या देखिएको थियो। सरकारी संस्थानमा कानुनविपरीत जथाभावी कर्मचारी भर्ना गरिएका विषयमा महालेखापरीक्षकको कार्यालयले विभिन्न वर्षमा प्रश्न उठाउँदै आएको छ।

गोरखापत्र संस्थानका महाप्रबन्धक हिक्मतबहादुर रावलले संस्थानमा कर्मचारी व्यवस्थापनलाई अब नयाँ र व्यवस्थित ढङ्गले अघि बढाइने बताउनुभयो। उहाँले विगतमा केवल तोक आदेशका भरमा मनोमानी ढङ्गले कर्मचारी राखिएको अवस्था देखिएको उल्लेख गर्दै अब त्यसको यथोचित र कानुनी व्यवस्थापन गरिने बताउनुभयो।

"हिजो तोक आदेशका भरमा मनोमानी ढङ्गले कर्मचारी राखिएको देखियो। त्यसको यथोचित विधिमार्फत व्यवस्थापन गरिनेछ। अत्यावश्यक, सक्षम, प्रविधिमैत्री कर्मचारी भित्र्याएर संस्थानलाई बलियो बनाउनुपर्नेछ", उहाँले भन्नुभयो।

महाप्रबन्धक रावलले सरकारले अघि बढाएको सुशासन, पारदर्शिता र मितव्ययिताको नीतिलाई आत्मसात् गर्दै संस्थानको कार्यसम्पादनलाई थप प्रभावकारी बनाइने बताउनुभयो। उहाँका अनुसार गोरखापत्र संस्थानलाई डिजिटल रूपान्तरणसहित आधुनिक सञ्चार संस्थाका रूपमा विकास गर्ने तथा छापा संस्करणलाई अझ प्रभावकारी, तथ्यपूर्ण र विश्वसनीय बनाउनका लागि योग्य तथा प्रतिस्पर्धी कर्मचारी मात्रै संस्थानमा राख्न लागिएको छ।

संस्थानलाई व्यावसायिक रूपमा पनि आत्मनिर्भर बनाउने गरी सुधारका कार्य थालिएको उहाँको भनाइ छ। महाप्रबन्धक रावलले संस्थानमा परम्परागत कार्यशैली र सोचमा परिवर्तन आवश्यक रहेको उल्लेख गर्दै कर्मचारी तथा सङ्गठन व्यवस्थापन (ओएनएम) अध्ययनसमेत गरिने जानकारी दिनुभयो।

हाल गोरखापत्र संस्थानका विभिन्न शाखा, विभाग तथा कार्यालयमा १७५ जना करार सेवाका कर्मचारी कार्यरत छन्। गोरखापत्र संस्थान कर्मचारी सेवा शर्त विनियमावली, २०८२ को विनियम ४० मा संस्थानमा कुनै पनि पदमा करार नियुक्ति नगरिने व्यवस्था गरिएको छ। तर कुनै निश्चित कार्यक्रम कार्यान्वयन वा उत्पादन कार्यका लागि दरबन्दी नभएको, आवश्यक योग्यता पुगेको व्यक्ति उपलब्ध नभएको वा खुला प्रतियोगिताबाट स्थायी पदपूर्तिको प्रक्रिया सम्पन्न नभएसम्म रिक्त दरबन्दीमा एक पटकमा बढीमा छ महिनासम्मका लागि करार सेवामा नियुक्त गर्न सकिने व्यवस्था रहेको छ।

साथै, करार नियुक्ति गर्दा अनिवार्य रूपमा प्रतिस्पर्धा गराएर मात्र नियुक्त गर्नुपर्ने व्यवस्था विनियमावलीमा उल्लेख छ। तर विगतका वर्षहरूमा यस व्यवस्थाविपरीत कर्मचारी नियुक्ति हुँदै आएको पाइएको छ।

त्यसैगरी, सार्वजनिक सेवा प्रसारण संस्थाअन्तर्गत नेपाल टेलिभिजनका विभिन्न शाखा, विभाग तथा कार्यालयमा १३४ जना र रेडियो नेपालमा २२२ कर्मचारी करार सेवामा कार्यरत छन्। सार्वजनिक सेवा प्रसारण संस्थाका निमित्त प्रमुख प्रशासकीय अधिकृत आरती चटौतले संस्थामा अत्यावश्यक कर्मचारी कति आवश्यक छन् भन्ने विषयमा आन्तरिक अध्ययन भइरहेको बताउनुभयो।

संस्थाको सञ्चालक समितिले पूर्णता पाएपछि अध्ययनका आधारमा आवश्यक निर्णय लिनसकिने उहाँले जानकारी दिनुभयो। नेपाल टेलिभिजनमा स्वीकृत दरबन्दीअनुसार स्थायी कर्मचारी पदपूर्तिको प्रक्रिया विगत सात वर्षदेखि अवरुद्ध रहेको छ।

यस्तै, राष्ट्रिय समाचार समितिका महाप्रबन्धक सन्दीप राईले समितिमा मातृभाषाका समाचार सेवाबाहेक अरुमा हाल करार सेवामा कर्मचारी नरहेको स्पष्ट पार्दै स्थानीय समाचारदाता (स्टिङ्गर) नियुक्तिको प्रक्रिया पूर्ण रूपमा प्रतिस्पर्धामूलक बनाइने बताउनुभयो।

"रासस स्टिङ्गरको हकमा उहाँहरूको पुरानो सम्झौताको अवधि यहि असार मसान्तमा सकिँदैछ। नयाँ नियुक्ति गर्दा सार्वजनिक सूचना प्रकाशित गरेर आवेदन माग्ने अन्तिम तयारीमा छौँ", उहाँले भन्नुभयो।

सरकारले सार्वजनिक सञ्चार संस्थाहरूमा कर्मचारी व्यवस्थापनलाई कानुनी, पारदर्शी, प्रतिस्पर्धामूलक र आवश्यकतामा आधारित बनाउने नीति अघि सारेको छ।

साथै विगतमा मनोमानी ढङ्गले कर्मचारी नियुक्त गर्ने अभ्यास अन्त्य गरी संस्थागत सुशासन, वित्तीय अनुशासन तथा सार्वजनिक सञ्चार संस्थाहरूको व्यावसायिक र संस्थागत सुदृढीकरणमा जोड दिइएको सञ्चार मन्त्रालयले जनाएको छ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय राजविराज ,सप्तरी

प.नं.०८२/०८३
च.नं. १२६१०

मिति:- २०८३।०३।२५

विषय:-३५ दिने हक दावी सम्वन्धि सार्वजनिक सुचना ।

यसमा २००४ सालमा नापी भएको जमावन्दी श्रेष्ता बमोजिम रैति नं.११ को रैति नन्द लाल चौधरी थारुको नाममा कायम रहेका साविक प्रगन्ना रायझमुना मौजे काचन लालपुरको ७ नं.फाँटवारीमा जि.स.पं.काचन लालपुरको भुटाई चौधरी थारुको नाउँमा तपसिल बमोजिमको जग्गा कायम भएको जग्गा २०२८ सालमा सर्वे नापी भई तपसिल बमोजिमको जग्गा जिल्ला सप्तरी गा.वि.स.काचन वार्ड नं. १ हाल परिवर्तित बोदेबरसाइन न.पा.वार्ड नं.८ बस्ने स्व.भुटाई चौधरीको नाति स्व.हरिश्चन्द्र चौधरीको छोरा भुपाल प्रसाद चौधरी,नारायण चौधरी, शंकर प्रसाद चौधरी,भुवनेश्वर चौधरी, बिजय कान्त चौधरी,प्रह्लाद चौधरी र इसित लाल चौधरी समेतले छुट जग्गा दर्ता नामसारी गरी ज.ध.प्र. पुर्जा पाउँ भनि यस कार्यालयमा द.नं.१२०२७ मिति २०८२।०९।१३ गतेमा माग निवेदन परेकोले उक्त निवेदन परी हक दावी सम्वन्धित सार्वजनीक सुचना प्रकाशित गर्न मिति २०८३।०३।२५ गतेमा आदेश भए बमोजिम यो ३५ दिने हक दावी सम्वन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकहरु समेतको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सवुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स प्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला। म्याद भित्र कसैको हक दावी उजुरी पर्न नआएमा निवेदकहरु समेतको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाहि भै जाने छ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराइन्छ।

तपसील

| सा.कि.नं. | गा.वि.स. | वार्ड नं. | हा.कि.नं. | क्षेत्रफल | तर्फ | साबिक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ७८/७९ | काचन | २ | २९९ | ०-२-१६ | | स्व.नन्द लाल चौधरीको नाउँमा २००४ सालमा नापी भएको सो जग्गा २०२२ सालमा ७ न. फाँटवारीमा भुटाई चौधरी थारुको नाउँमा कायम रहेको | |

## विश्व समाचार

### हर्मुजमा फेरि अमेरिका-इरान भिडन्त

तेहरान, २५ असार (रासस/एएफपी)।

रणनीतिक महत्त्वको हर्मुज जलघाँटीलाई केन्द्र बनाएर अमेरिका र इरानबीच दोस्रो दिन पनि सैन्य आक्रमण र प्रतिआक्रमण जारी रहेको छ। समुद्री मार्गको नियन्त्रण, अन्तर्राष्ट्रिय जहाजहरूको आवतजावत तथा क्षेत्रीय सुरक्षालाई लिएर दुवै पक्षबीच तनाव चुलिँदा मध्यपूर्वको सुरक्षा अवस्था थप जटिल बनेको छ। अमेरिकी सेनाले हर्मुज जलघाँटीमा अन्तर्राष्ट्रिय जहाजहरूको स्वतन्त्र आवागमनलाई जोखिममा पार्ने इरानको क्षमता कमजोर पार्ने उद्देश्यले पछिल्लो सैन्य कारबाही गरिएको जनाएको छ। अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) का अनुसार करिब ९० वटा सैन्य लक्ष्यमा आक्रमण गरिएको छ। इरानको उत्तरपूर्वस्थित रेल पुल, तटीय बुसेहरस्थित सैन्य आधार, बन्दर अब्बास, कोणार्क, चाबहार तथा किश टापु आसपासका क्षेत्रमा विस्फोट भएका छन्। केही स्थानमा विद्युत् आपूर्ति समेत अवरुद्ध भएको इरानी सञ्चारमाध्यमहरूले जनाएका छन्। इरानको इस्लामिक रिभोलुसनरी गार्ड्स (आइआरजिसी) ले त्यसको प्रत्युत्तरस्वरूप बहराइन र कुवेतस्थित अमेरिकी सैन्य अड्डाहरूलाई लक्षित गरी क्षेप्यास्त्र तथा ड्रोन आक्रमण गरेको जनाएको छ। बहराइनको राजधानी मनामामा विस्फोटको आवाज सुनिएको एएफपीका संवाददाताले बताएका छन् भने कुवेतले शत्रुतापूर्ण क्षेप्यास्त्र र ड्रोन आक्रमणहरू अवरोध गरिएको जनाएको छ। अमेरिकी अधिकारीका अनुसार इरानको पछिल्लो आक्रमणबाट अमेरिकी पक्षमा कुनै ठूलो क्षति वा मानवीय हताहत भएको छैन।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धविराम समाप्त भएको बताउँदै थप वार्ताका लागि ढोका भने खुला रहेको उल्लेख गर्नुभएको छ। उहाँले ट्रुथ सोसलमार्फत इरानले व्यापारिक जहाजमाथि गरेको आक्रमणको प्रतिशोधस्वरूप अमेरिकी कारबाही गरिएको दाबी गर्दै पुनः यस्ता गतिविधि भए अझ कडा जवाफ दिइने चेतावनी दिनुभयो। एयरफोर्स वनमा पत्रकारहरूसँग कुरा गर्दै उहाँले इरानी पक्षबाट सम्पर्क भएको दाबी गरे पनि त्यसबारे थप विवरण सार्वजनिक गर्नुभएन। यसैबीच, इरानका प्रमुख वार्ताकार मोहम्मद बाघेर घालीबाफले हर्मुज जलघाँटी इरानी व्यवस्थाअन्तर्गत मात्र सञ्चालन हुने स्पष्ट पार्नुभएको छ। उहाँले अमेरिकाले धम्की र प्रतिबद्धता उल्लङ्घनको परिणाम नहुने ठान्न नहुने चेतावनी दिँदै इरानमाथि आक्रमण भए जवाफ पनि त्यहीअनुसार दिइने बताउनुभयो। फेब्रुअरीमा अमेरिका-इजरायल आक्रमणपछि सुरु भएको युद्धयता इरानले हर्मुज जलघाँटीमाथि नियन्त्रण कायम राख्ने नीति अघि बढाउँदै आएको छ। तेहरानले जलमार्ग प्रयोग गर्ने जहाजबाट शुल्क लिने र तोकिएको मार्गबाट विचलित हुने जहाजमाथि कारबाही गर्ने चेतावनी दिँदै आएको छ। हालैका दिनमा इरानले कम्तीमा तीनवटा जहाजमा आक्रमण गरेको घटनापछि अमेरिकाले व्यापक सैन्य कारबाही थालेको हो।

### खामेनीको अन्त्येष्टिमा हजारौँ सहभागी

नजाफ (इराक), २५ असार (रासस/एपी)।

इरानका दिवङ्गत सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको अन्त्येष्टि कार्यक्रमअन्तर्गत इराकका पवित्र सहर नजाफ र कर्बलामा बुधबार हजारौँ शोकाकुल सहभागी भएका छन्। अत्यधिक भीडका कारण केही समय शवयात्रा अव्यवस्थित बनेपछि शव बोक्ने टोलीले कफिनलाई सुरक्षित राख्न भुइँनजिक झार्नुपरेको थियो। फेब्रुअरीको अन्त्यतिर अमेरिका र इजरायलले इरानमाथि गरेको व्यापक आक्रमणमा ८६ वर्षीय खामेनीको मृत्यु भएको थियो। उहाँ युद्धका क्रममा मारिएका वरिष्ठ इरानी नेतामध्ये एक हुनुहुन्थ्यो। उहाँको अन्त्येष्टिका कारण केही समय रोकिएको अमेरिका-इरान वार्ताबीच पछिल्ला दिनमा पुनः सैन्य तनाव चर्किएको छ। तेहरानले हर्मुज जलघाँटीमा तीन जहाजमाथि आक्रमण गरेको आरोप लगाउँदै अमेरिकी सेनाले बुधबार इरानमा आक्रमण गरेको थियो भने त्यसको जवाफमा इरानले कुवेत र बहराइनस्थित अमेरिकी सैन्य लक्ष्यमा प्रहार गरेको जनाएको छ। तेहरानमा शनिबारदेखि सुरु भएको अन्त्येष्टि कार्यक्रमपछि खामेनीको पार्थिव शरीर इराक ल्याइएको हो। विश्वभरका शिया मुस्लिमका लागि अत्यन्त पवित्र मानिने नजाफमा मङ्गलबार पार्थिव शरीर पुगेपछि हजारौँ समर्थकले स्वागत गरेका थिए। इरानी राष्ट्रपति मसुद पेजेस्कियान, विदेशमन्त्री अब्बास अराघची तथा अन्य वरिष्ठ अधिकारीले शवयात्रामा सहभागिता जनाउनुभएको थियो। इस्लामिक गणतन्त्रको झण्डाले ढाकिएको काँचको कफिनमा राखिएको पार्थिव शरीरलाई श्रद्धाञ्जलि दिन समर्थकहरूको ठूलो भीड जुटेको थियो। नजाफस्थित इमाम अलीको पवित्र मन्दिरमा वरिष्ठ धर्मगुरु मुहम्मद ताकी अल-हाकिमले अन्त्येष्टि प्रार्थनाको नेतृत्व गर्नुभयो। कफिन मन्दिरतर्फ लैजाँदा श्रद्धाञ्जलि अर्पण गर्न आतुर भीडले धक्का दिएपछि अवस्था केहीबेर नियन्त्रणबाहिर गएको थियो। कफिन ढल्न सक्ने अवस्था आएपछि शव बोक्ने टोलीले त्यसलाई तल झारेर सुरक्षित रूपमा अगाडि बढाएको थियो।

अन्त्येष्टिमा सहभागी जाफर जवादले खामेनीको पार्थिव शरीर नजाफ ल्याइनु इराकका लागि ठूलो सम्मान भएको बताउँदै उहाँप्रति आफ्नो निष्ठा कायम रहने प्रतिक्रिया दिनुभयो। त्यसपछि पार्थिव शरीर कर्बला लगिएको थियो। इमाम हुसेनको समाधिस्थल रहेको कर्बलामा पनि हजारौँ समर्थक उपस्थित भएका थिए। इराकका प्रमुख शिया धर्मगुरुका प्रतिनिधि अब्दुल महदी अल-कारबालेईले त्यहाँ अन्त्येष्टि प्रार्थनाको नेतृत्व गर्नुभयो। यहाँ पनि श्रद्धाञ्जलि दिन भीड अत्यधिक भएपछि कफिन पटक-पटक हल्लिएको थियो। आयोजकहरूले स्थिति नियन्त्रणमा लिन कफिनलाई भुइँमा राखेर श्रद्धाञ्जलिको व्यवस्था मिलाएका थिए। यसैबीच, इरानका नयाँ सर्वोच्च नेता आयातोल्लाह मोजताबा खामेनी अन्त्येष्टि कार्यक्रममा सहभागी हुनुभएको छैन। आफ्ना पिताको ज्यान गएको हवाई आक्रमणमा घाइते भएपछि उहाँ सुरक्षित स्थानमा रहेको अनुमान गरिएको छ।

# हनुमाननगर कंकालिनीका विद्यालयमा बृक्षारोपण




**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकास्थित विद्यालयहरुमा वृहत् वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको छ ।

हरित वातावरणको संरक्षण तथा विद्यालयलाई हरियालीयुक्त, स्वच्छ र वातावरणमैत्री बनाउने उद्देश्यले उक्त बृक्षारोपण गरिएको हो ।

हरित विद्यालय निर्माण अभियान अन्तर्गत नगरपालिकाको वडा नं. ११ र १४ का सात वटा विद्यालयमा ५ सय बिरुवा रोपिएको छ ।

हनुमाननगर कंकालनी नगरपालिकाको सहकार्य, सबल नेपालको आयोजना तथा युनाइटेड मिसन टु नेपाल नेपालको सहयोगमा सञ्चालन गरिएको उक्त अभियानले विद्यालय परिसरलाई हरियालीयुक्त बनाउनुका साथै विद्यार्थीहरूमा वातावरण संरक्षणप्रति सकारात्मक सोच र जिम्मेवारीको भावना विकास गर्ने लक्ष्य लिएको आयोजकले जनाएको छ ।

कार्यक्रममा राष्ट्रिय क्रिकेट खेलाडी विवेक यादवले 'ग्रीन एम्बेसडर' का रूपमा सहभागी हुँदै वातावरण संरक्षणका लागि वृक्षारोपणको महत्त्वबारे विद्यार्थी तथा स्थानीयलाई सचेत गराएका थिए ।

उनले जलवायु परिवर्तनको चुनौतीलाई सामना गर्न प्रत्येक नागरिकले आफ्नो जिम्मेवारीअनुसार वृक्षारोपण तथा संरक्षणमा सक्रिय भूमिका खेल्नुपर्नेमा जोड दिँदै रोपिएका बिरुवाको नियमित संरक्षण र हेरचाह गर्न पनि सबैलाई आग्रह गरे ।

सबल नेपालका सिनियर म्यानेजर अशोक साहका अनुसार यस अभियानले विद्यालयमा वातावरणीय शिक्षा प्रवर्द्धन गर्नुका साथै विद्यार्थीहरूमा वृक्ष संरक्षण, जैविक विविधताको महतव र हरित संस्कृतिको विकास गर्न महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गरे ।

कार्यक्रममा हनुमाननगर कंकालनी नगरपालिका वडा नं. १४ का वडा अध्यक्ष कृष्णकुमार यादव, सबल नेपालकी अध्यक्ष जुना गिरी, विद्यालयका प्रधानाध्यापक, शिक्षक शिक्षिका, बाल क्लबका प्रतिनिधि, विद्यार्थी तथा स्थानीय सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

***जंगली हात्तिको ...***

सांसद कर्णले सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउँदै जंगली हात्ती नियन्त्रण, प्रभावित किसानको संरक्षण तथा क्षतिपूर्तिको व्यवस्था गर्न र दीर्घकालीन समाधानका लागि आवश्यक योजना तत्काल अघि बढाउन सरकारसँग माग गरेका छन ।

# सीमा विवादबारे सरकारको स्पष्ट जवाफ माग्दै विपक्षीको विरोध जारी

काठमाडौं, २५ असार (रासस) ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा पनि प्रमुख प्रतिपक्षसहित विपक्षी दलहरूले सीमा विवादसम्बन्धी विषयमा सरकारको स्पष्ट जवाफ माग गर्दै विरोधलाई निरन्तरता दिएका छन् ।

बैठक सुरु हुनेबित्तिकै विपक्षी दलका सांसदहरू आ-आफ्नो आसनबाट उठेपछि सभामुख डोलप्रसाद अर्यालले एउटै विषयमा निरन्तर विरोध भइरहेकाले विपक्षी दलका तर्फबाट एक जना सदस्यलाई सङ्क्षिप्त धारणा राख्न समय दिनुभएको थियो ।

नेपाली कांग्रेसकी हरिनादेवी कामीले प्रधानमन्त्री वालेन्द्र शाहले गत जेठ १७ गते प्रतिनिधिसभाको बैठकमा दिएको 'नेपालले पनि भारतको भूमि मिचेको रहेछ...' भन्ने अभिव्यक्तिप्रति आपत्ति जनाउँदै प्रधानमन्त्रीले स्पष्ट जवाफ दिनुपर्ने तथा उक्त अभिव्यक्ति संसद्को अभिलेखबाट हटाउनुपर्ने माग गर्नुभयो ।

त्यसपछि अन्य विपक्षी दलका सांसदहरूले पनि बोल्न समय माग गरेपछि सभामुख अर्यालले सबै विपक्षी दललाई बोल्न समय दिनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) की यशुदाकुमारी बरालले विपक्षीले पटक-पटक उठाउँदै आएको विषयमा सरकारले सुनुवाइ नगरेको भन्दै ध्यानाकर्षण गराउनुभयो।

नेपाली कम्युनिष्ट पार्टीका भीमकुमार बुढामगरले नेपाली जनता आफ्नो भूमिको रक्षाका लागि प्रतिबद्ध रहेका बेला प्रधानमन्त्रीले राष्ट्रियतासँग जोडिएको आफ्नो अभिव्यक्ति सच्च्याउनुपर्ने माग गर्नुभयो ।

यसैगरी, श्रम संस्कृति पार्टीका पूर्णप्रसाद लिम्बूले प्रधानमन्त्रीको उक्त अभिव्यक्तिमाथि प्रश्न उठाउनुभयो भने राष्ट्रिय प्रजातन्त्र पार्टीकी खुश्बु ओलीले सो विषयमा सत्ता पक्षको स्पष्ट धारणा सार्वजनिक गर्न माग गर्नुभयो ।

# बाह्र वर्षदेखि रोकिएको ढल्केबर-हेटौँडा ४०० केभी प्रसारण लाइन निर्माणको बाटो खुल्यो

काठमाडौं, २५ असार (रासस) ।

सरकारले १२ वर्षदेखि विभिन्न कारणले रोकिएको ढल्केबर-हेटौँडा ४०० केभी प्रसारण लाइन निर्माणको अवरोध हटाएको छ । बुधबारको मन्त्रिपरिषद्को निर्णयसँगै आयोजनाको मकवानपुर खण्डमा वन क्षेत्र प्रयोग गर्ने अनुमति प्राप्त भएको हो ।

मन्त्रिपरिषद् बैठकले नेपाल विद्युत् प्राधिकरणलाई वन ऐन, २०७६ को दफा ४२(१) बमोजिम मकवानपुरको हेटौँडा-१५ स्थित रातोमाटे सामुदायिक वन उपभोक्ता समूह तथा बकैया-२ स्थित सरस्वती सामुदायिक वन उपभोक्ता समूहअन्तर्गतको राष्ट्रिय वनको २.२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिएको छ । साथै उक्त क्षेत्रमा रहेका विभिन्न प्रजातिका एक हजार २९२ वटा रुख हटाउन पनि स्वीकृति प्रदान गरेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार लामो समयदेखि वन क्षेत्रको स्वीकृति, राइट अफ वे (मार्गाधिकार) तथा रुख कटानसम्बन्धी निर्णय नहुँदा आयोजना रोकिएको थियो । ढल्केबर-हेटौँडा-इनरुवा करिडोर करिब ३०० किलोमिटर लामो रहेको र ४०० केभी उच्च भोल्टेज प्रसारण लाइनका लागि ४६ मिटर चौडाइको मार्गाधिकार आवश्यक पर्ने भएकाले वन क्षेत्रको अनुमति अत्यावश्यक थियो ।

हेटौँडादेखि बुटवलसम्म २२० केभी प्रसारण लाइनको सर्किट निर्माण भइसकेको छ । नयाँ ४०० केभी प्रसारण लाइन सञ्चालनमा आएपछि पूर्व-पश्चिम विद्युत् प्रवाह सहज हुने, प्रणालीको विश्वसनीयता बढ्ने, पटक-पटक हुने ट्रिपिङ तथा विद्युत् अवरोधमा कमी आउने र अतिरिक्त विद्युत् भारत निर्यात गर्न सहज हुनेछ ।

नेपाल विद्युत् प्राधिकरणका कायममुकायम कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले प्रसारण लाइन सञ्चालनमा आएपछि नेपालको राष्ट्रिय प्रसारण प्रणाली थप सुदृढ, सन्तुलित र भरपर्दो हुनेछ । पूर्वमा उत्पादन भएको विद्युत् पश्चिम र पश्चिममा उत्पादन भएको विद्युत् पूर्वसम्म प्रवाह गर्न मिल्ने बताउनुभयो ।

यसैबीच, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले यो परियोजनालाई 'ऊर्जा राजमार्ग' का रुपमा चित्रण गर्दै यसबाट मुलुकको विद्युत् निर्यात क्षमता बढेको र हालको करिब एक हजार मेगावाट विद्युत् निर्यात गर्नसक्ने क्षमता प्रसारण प्रणाली पूर्ण रूपमा सञ्चालनमा आएपछि दुई हजार ५०० देखि तीन हजार मेगावाटसम्म विद्युत् निर्यात गर्न सकिने बताउनुभएको छ ।

# चार विधेयक सर्वसम्मतिले स्वीकृत

काठमाडौं, २५ असार (रासस) ।

प्रतिनिधिसभाले विभिन्न चार विधेयकमा राष्ट्रियसभाबाट भएको संशोधन सर्वसम्मतिले स्वीकृत गरेको छ ।

सभाको बिहीबारको बैठकले सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, २०८३, सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) विधेयक, २०८३, सहकारी (पहिलो संशोधन) विधेयक, २०८३ र स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८३ माथि राष्ट्रियसभाबाट भएको संशोधन स्वीकृत गरेको हो ।

बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले प्रस्तुत गर्नुभएको 'सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, २०८३ माथि राष्ट्रियसभाबाट भएको संशोधनमाथि विचार गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको हो ।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले पेस गर्नुभएको 'सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) विधेयक, २०८३ माथि राष्ट्रियसभाबाट भएको संशोधनमाथि विचार गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको छ ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले 'सहकारी (पहिलो संशोधन) विधेयक, २०८३ माथि राष्ट्रियसभाबाट भएको संशोधनमाथि विचार गरियोस्' भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको छ ।

छलफलमा भाग लिँदै सांसद पार्वती विकले उठाउनुभएको प्रश्नको जवाफ दिँदै मन्त्री रावलले भन्नुभयो, "हामीले काम गर्दै जाँदा भोगेका समस्या समाधानका निम्ति विधेयक ल्याएको हो, यो यत्तिकै ल्याएको होइन, धेरै छलफलबाट आएको हो ।"

यसैगरी स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले प्रस्तुत गर्नुभएको 'स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८३ माथि राष्ट्रियसभाबाट भएको संशोधनमाथि विचार गरियोस्' भन्ने प्रस्ताव पनि सर्वसम्मतिले स्वीकृत भएको छ ।

प्रतिनिधिसभाको अर्को बैठक यही असार २६ गते शुक्रबार अपराह्न १:०० बजे बस्नेछ ।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*